# नेपालगञ्ज उपमहानगरपालिका
# नगरकार्यपालिकाको कार्यालय

**नेपालगञ्ज, बाँके, लुम्बिनी प्रदेश, नेपाल**

## सूचनाको हक सम्बन्धी ऐन,२०६४ को दफा ५(३) र सूचनाको हक सम्बन्धी नियमावली, २०६५ को नियम ३ बमोजिम सार्वजनिक गरिएको सूचना विवरण

## (मिति २०८१।०१।०१ देखि मिति २०८१।०३।३१ गतेसम्मको विवरण)

### (१) निकायको स्वरुप र प्रकृतिः

नेपालगञ्ज शहर बि.सं. २०१७ सालमा नेपालगंज नगरपञ्चायतका नाम बाट स्थापना भई बि.सं. २०१९ सालमा नेपालगंज नगरपालिकाको रुपमा स्थापित भएको हो । नेपाल सरकार मन्त्रीपरिषद्को मिति २०७१ मंसिर १६ गतेको निर्णयबाट साविक १७ वडा रहेको नगरपालिकाको सिमाना जोडिएका वरीपरिका १० गाऊ विकास समितिहरु क्रमशः उदयपुर, भवानीयापुर, पिप्रहवा, जयसपुर, ईन्द्रपुर, खासकारकाँदो, वासुदेवपुर, मनिकापुर र पुरैना लाई गाभेर २७ वटा वडा कायम गरेकोमा मिति २०७२।०६।१ को नेपाल सरकारको निर्णयबाट साविक पुरैनी गा.वि.स.को क्षेत्र गाभेर २८ औं वडाको रुपमा कायम भएको थियो । तत्पश्चात् सरकारको मिति २०७३।११।९ को निर्णय अनुसार साविकको वडा नं. २३ ईन्द्रपुरलाई जानकी गाऊपालिकामा समायोजन गरिएको र बाँकी केही साना वडाहरुको क्षेत्र एक अर्कामा मिलाई, केहीको क्षेत्र यथावत राखी २२ वटा वडा र साविकको हिरमिनिया गा.वि.स.को वडा नं. ७ लाई उप-महानगर क्षेत्रमा गाभि उक्त क्षेत्रलाई २३ औं वडाको रुपमा कायम गरिएको छ । हाल कायम भएको वडाको जम्मा संख्या २३ रहेको छ । नेपाल सरकारको पछिल्लो निर्णय अनुसार हालको उप-महानगर कायम हुँदा यसको क्षेत्रफल ८५.९४ व.कि.मी. र कूल जनसंख्या राष्ट्रिय जनगणना, २०७८ बमोजिम १६४४४४( पुरुष ८२,७५५ र महिला ८१६८९) रहेको छ। नेपालको संविधान, स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम स्थानीय सरकारको रुपमा नेपालगञ्ज उपमहानगरपालिका रहेकोछ ।


### (२) निकायको काम, कर्तव्य र अधिकारः

यस उपमहानगरपालिका नेपालको संविधानको अनुसूची-८ मा स्थानीय तहको एकल अधिकारको सूची र अनुसूची-९ मा संघ, प्रदेश र स्थानीय तहको अधिकारको साझा सूची, स्थानीय सरकार सञ्चालन ऐन, २०७४, संघ र लुम्बिनी प्रदेश कानुन बमोजिम स्थानीय तह सम्बन्धी जारी गरिएका ऐन, नियम तथा अन्य कानुनी प्रबन्धहरु, समय समयमा जारी हुने परिपत्रहरु एवं

उपमहानगरपालिकाको स्थानीय कानुनहरु (ऐन, नियमावली, कार्यविधी, निर्देशिका, मापदण्ड, मार्गदर्शन) र निर्णयहरु समेतले तोकेबमोजिमको काम, कर्तव्य र अधिकार निर्दिष्ट छ ।

## (३) निकायमा रहने कर्मचारी विवरण:

यस उपमहानगरपालिकामा स्थायी, करार, समायोजन भई आएका, कामकाजमा खटिएका कर्मचारीहरुको संख्या, कर्मचारीको सेवा,समुह, तह समेतको विस्तृत विवरण तस्विर सहितको र उपमहानगरपालिकाको संगठन संरचना समेत नगर सभाबाट स्वीकृत भएबमोजिम काम कारवाही भइरहेको छ । उच्चपदमा कार्यरत पदाधिकारी एवं कर्मचारीहरुको विवरण नेपालगञ्ज उपमहानगरपालिकाको वेबसाइट https://www.nepalgunjmun.gov.np/ मा समेत राखिएकोछ



## (४) निकायबाट प्रदान गरिने सेवा:

नेपालको संविधान, स्थानीय सरकार सञ्चालन ऐन, २०७४, संघ र लुम्विनी प्रदेश कानून बमोजिम स्थानीय तह सम्बन्धी जारी गरिएका ऐन, नियम तथा समय समयमा जारी हुने परिपत्रहरु एवं उपमहानगरपालिकको स्थानीय कानुनहरु (ऐन, नियमावली, कार्यविधी, निर्देशिका, मापदण्ड समेत), निर्णयहरु तथा नेपालगञ्ज उपमहानगरपालिकाको अविछिन्न अभ्यासहरुको अधीनमा रही स्थानीय सरकारको रुपमा सेवा, सुविधाहरु प्रदान गरिरहेको छ ।

## (५) सेवा प्रदान गर्ने निकायको शाखा र जिम्मेवार अधिकारी:

यस उपमहानगरपालिकाबाट सेवा सुविधा प्रवाह गर्न समितिहरु, महाशाखाहरु, शाखाहरु, २३ वटा वडा कार्यालयहरु रहेका छन् । उपमहानगरपालिकाको प्रमुख, उप-प्रमुख, प्रमुख प्रशासकीय अधिकृत, प्रवक्ता, सूचनाअधिकारी तथा जिम्मेवार पदमा कार्यरत अधिकारीको विवरण नेपालगञ्ज उपमहानगरपालिकाको वेबसाइट https://www.nepalgunjmun.gov.np/मा उल्लेख गरिएको छ ।

## (६) सेवा प्राप्त गर्न लाग्ने दस्तुर र अवधि:

यस उपमहानगरपालिकाले प्रदान गर्ने विभिन्न प्रकारको सेवा सुविधामा लाग्ने शुल्क एवं कार्यमा लाग्ने समयावधी विवरण नेपालगञ्ज उपमहानगरपालिकाले हरेक आर्थिक वर्षका लागि नगरसभाबाट जारी हुने आर्थिक ऐन, नीति, कार्यक्रम बजेट, स्थानीय सरकार सञ्चालन ऐन, २०७४, स्थानीय कानुन, नागरिक वडापत्र समेतबाट निर्धारण गरिन्छ । यस संवन्धी व्यवस्था नेपालगञ्ज उपमहानगरपलिकाको वेबसाइट https://www.nepalgunjmun.gov.np/मा समेत उल्लेख गरिएको छ ।

## (७) निर्णय गर्ने प्रक्रिया र अधिकारी:

यस उपमहानगरपालिकाको नगर सभा, नगर कार्यपालिकाको बैठक, संघीय तथा प्रदेश कानुन र स्थानीय ऐन, नियमावली, कार्यविधि, निर्देशिका, मापदण्ड, प्रचलित अभ्यासहरु तथा समय समयमा हुने निर्णयहरुको अधिनमा रही प्रमुख, उप-प्रमुख, प्रमुख प्रशासकीय अधिकृत मार्फत निर्देशित कार्यसम्पादन गर्नका निमित्त नगर सभाबाट संगठन संरचना अनुसारको पदीय जिम्मेवारीमा रहने कर्मचारीहरुको कार्यविवरण स्पष्ट तोकिएको छ । उपमहानगरपालिकाको नीतिगत निर्णय लिने, आवश्यक मार्गदर्शन दिने र कार्यालयबाट हुने काम कारवाहीलाई निरन्तर अनुगमन, नियन्त्रण गर्ने कार्य नगर सभा र नगर कार्यपालिकाको बैठकले गरेको निर्णय, अनुगमन

समिति, शहरी योजना आयोग, अनुगमन तथा मुल्याङ्कन एकाई र अन्य संस्थागत संयन्त्रबाट समेत हुने गरेको छ ।

## (८) निर्णय उपर उजुरी सुन्ने अधिकारी:

यस उपमहानगरपालिकाको काम कारवाही सम्बन्धमा सेवाग्राहीहरुको गुनासो तथा उजुरी सुन्नका लागि उपमहानगरपालिकाको प्रमुख प्रशासकीय अधिकृतबाट गुनासो सुनुवाईको व्यवस्था गरिएको छ ।

## (९) सम्पादन गरेको कामको विवरण:

यस उपमहानगरपालिका नेपालको संविधान, स्थानीय सरकार सञ्चालन ऐन, २०७४, संघ, प्रदेश र स्थानीय कानुनले तोकेबमोजिम स्थानीय सरकारको रुपमा उपमहानगरपालिकाले यस आर्थिक वर्षको २०८१ बैशाख १ गतेदेखि २०८१ असार मसान्तसम्म देहायबमोजिमको कार्यहरु सम्पन्न गरेको छ :

**प्रशासन, वित्तिय तथा राजश्व व्यवस्थापन :**

- जनशक्ति व्यवस्थापन कार्यदलले सवै शाखा/महाशाखा तथा वडाहरुमा स्थलगतरुपमा पुगी सोको व्यवस्थापनका लागि सुझाव सहितको पेश भएको प्रतिवेदन पेश भई सो समेतको उपमहानगरपालिकाको संगठन तथा व्यवस्थापन (O&M) सर्वेक्षण नगरसभाबाट स्वीकत भई कार्यान्वयनमा रहेकोछ ।
- यस आर्थिक वर्षको लागि विनियोजित बजेट रु.१ अर्व ८५ करोड ४६ लाख ९० हजार ६६५ मध्ये हालसम्म रु.१ अरव ४६ करोड ९३ लाख ३८ हजार ४३७ (७९.२२ प्रतिशत) वित्तिय प्रगती भएको छ ।
- आन्तरिक राजश्वतर्फ रु.१९ करोड अनुमानित आय रहेकोमा आर्थिक वर्षको मसान्तसम्म रु २० करोड ९३ लाख ०६ हजार २५३ (करिव ११० प्रतिशत) संकलन भएको छ ।

# नेपालगञ्ज उप–महानगरपालिका

## आ.ब.२०८०।०८१ को अनुमानित आय तथा बास्तविक आय

| सि.नं. | कोड नं. | शीर्षक | आ.ब.२०८०।८१ को अनुमानित आय | आ.ब. २०८०/८१ को बास्तविक आय |
|---|---|---|---|---|
| १ | ११३१३ | सम्पति कर | ५०,०००,०००.०० | ५५,६२६,१५४.४१ |
| २ | ११३१४ | भुमिकर/मालपोत | ५०,०००.०० | ६,२८५.०० |
| ३ | ११३१७ | वहाल कर | ३४,०००,०००.०० | ४१,०४७,४३४.५६ |
| ४ | ११४५१ | सवारी साधन कर (साना सवारी ) | १,०००,०००.०० | १,६०७,०००.०० |
| ५ | ११४७१ | बाँडफाँडबाट प्राप्त हुने मनोरञ्जन कर | - | २,२४८,७७२.७९ |
| ६ | ११४७२ | बाँडफाँडबाट प्राप्त हुने बिज्ञापन कर | - | ८५५,०००.०० |
| ७ | ११६३२ | अखेटोपहारमा लाग्ने कर | १,५००,०००.०० | २,२३८,८९२.८७ |
| ८ | १४१५१ | सरकारी सम्पतीको बहालबाट प्राप्त आय | २७,६१०,०००.०० | १८,३६१,८२३.८६ |
| ९ | १४२१२ | सरकारी सम्पतीको विक्रीबाट प्राप्त आय | १,०००,०००.०० | ३३८,१०२.०० |
| १० | १४२१८ | विद्युत सेवा शुल्क | ५००,०००.०० | ९६२,०९५.८१ |
| ११ | १४२१९ | अन्य सेवा शुल्क | - | ८,०१७,२४६.१९ |
| १२ | १४२२४ | परीक्षा शुल्क | ५०,०००.०० | ४२,९३०.०० |
| १३ | १४२४१ | पार्किङ्ग शुल्क | १२,०००,०००.०० | १२,४५२,९००.०० |
| १४ | १४२४२ | नक्सापास दस्तुर | २७,५००,०००.०० | २४,०२५,७०५.४८ |
| १५ | १४२४३ | सिफारिश दस्तुर | ८,५००,०००.०० | ११,५६१,५२०.८२ |
| १६ | १४२४४ | व्यक्तिगत घटना दर्ता दस्तुर | १,०००,०००.०० | १,४४८,२००.०० |
| १७ | १४२४५ | नाता प्रमाणित दस्तुर | २०,०००.०० | २८,७७८.०० |
| १८ | १४२४९ | अन्य दस्तुर | ५,०००,०००.०० | ३,५७५,४१४.०३ |
| १९ | १४२५३ | व्यवसाय रजिष्ट्रेशन दस्तुर | १७,५००,०००.०० | १६,८४८,९८९.५० |
| २० | १४३११ | न्यायिक दण्ड,जरिवाना र जफत | २०,०००.०० | - |
| २१ | १४३१२ | प्रशासनिक दण्ड,जरिवाना र जफत | ५०,०००.०० | ३,९९९,४३८.०९ |
| २२ | १४५२९ | अन्य राजस्व | २,५००,०००.०० | १३,६००.०० |
| २३ | १५१११ | बेरुजू | २००,०००.०० | ३,९९९,९६९.६५ |
| | | **कुल जम्मा** | १९०,०००,०००.०० | २०९,३०६,२५३.०६ |

## शिक्षा युवा तथा खेलकुद महाशाखा

- विद्यालयहरुमा सूचना प्रबिधीमैत्री शिक्षण सिकाई क्रियाकलाप सञ्चालनमा प्रोत्साहन गरिएको।
- सामुदायिक संस्थागत र धार्मिक विद्यालयका शिक्षकहरुको क्षमता विकास गरी गुणस्तरीय शिक्षाको सुनिश्चितता गरिएको ।
- यस उपमहानगरपालिकाले निर्माण गरेको स्थानिय पाठ्यक्रम कार्यान्वयन गर्न आवश्यक व्यवस्था मिलाईएकोछ।
- विद्यालयमा भर्ना तथा नियमितताका लागि विद्यालयका कार्यक्रममा अभिभावकको सङ्लग्नता बढाईएको छ।
- खेलकुद कार्यक्रमहरु सञ्चालन गरि युवा तथा विद्यार्थीको प्रतिभा पहिचान र विकास गरिएको छ।
- बालविकास तथा धार्मिक विद्यालयहरुलाई सुदृढिकरण र व्यवस्थापनमा जोड दिएको।
- विद्यालयहरुमा सूचना प्रबिधीमैत्री शिक्षण सिकाई क्रियाकलाप सञ्चालनमा प्रोत्साहन गरिएको।
- सामुदायिक संस्थागत र धार्मिक विद्यालयका शिक्षकहरुको विपतका समयमा विद्यालय सुरक्षाका सम्बन्धमा क्षमता विकास गरी गुणस्तरीय शिक्षाको सुनिश्चितता गरिएको ।
- शैक्षिक सुशासन र पेशागत सहयोगका लागि विद्यालय अनुगमन मेन्टोरिङग सुपरीवेक्षणलाई प्रभावकारी बनाउदै लगीएकोछ।
- यस उपमहानगरपालिकाले निर्माण गरेको स्थानिय पाठ्यपुस्तक निर्माण र कार्यान्वयन गर्न आवश्यक व्यवस्था मिलाईएकोछ।
- विद्यालयमा भर्ना तथा नियमितताका लागि विद्यालयका कार्यक्रममा अभिभावकको सङ्लग्नता बढाईएको छ।
- नगरको सामाजिक विकासका लागि युवा क्लव गठन र परिचालन नीति तयार गरिएको छ।
- नगरको संस्थागत विद्यालय सञ्चालन व्यवस्थापनका लागि संस्थागत विद्यालय सञ्चालन व्यवस्थापन नीति तयार गरिएको छ।
- नगर मदरसा शिक्षा निति बनाउने प्रक्रिया थालनी गरिएको छ।
- खेलकुद कार्यक्रमहरु सञ्चालन गरि युवा तथा विद्यार्थीको प्रतिभा पहिचान र विकास गरिएको छ।

## स्वास्थ्य महाशाखा

- दादुरा रुबेला खोप अभियान कार्यक्रम संचालन तथा ९ महिना देखि १५ वर्षका लक्षित शत प्रतिशत खोप लगाईएको तथा स्वास्थ्य महाशाखाबाट अनुगमन ।

- नियमित खोप,आमा सुरक्षा,परिवार नियोजन,पोषण कार्यक्रम,क्षयरोग,कुष्ठरोग लगायतका सेवाहरु नियमितरुपमा संचालन तथा सो को अनुगमन ।
- आव २०७९/८० मा भएका स्वास्थ्य सम्बन्धि कृयाकलापहरुको बार्षिक प्रगति समिक्षा कार्यक्रम सम्पन्न तथा उत्कृष्ट कार्य गर्ने स्वास्थ्य संस्थाहरुलाई पुरस्कृत तथा सम्मान ।
- राष्ट्रिय भिटामिन ए कार्यक्रम संचालन ।
- प्रत्येक महिना मासिक समिक्षा बैठक संचालन ।
- दीर्घ रोगीहरुलाई उपचार खर्च वापतको रकम वडा मार्फत १८१ जना विरामीहरुलाई ५४ लाख रकम भुक्तानी गरिएको ।
- औषधि खरिद E-bidding प्रकृया बाट २ चरणमा खरिद सम्पन्न ।
- महिला स्वास्थ्य स्वयं सेविका दिवश कार्यक्रम सम्पन्न तथा उत्कृष्ट कार्य गर्ने महिला स्वास्थ्य स्वयं सेविकाहरुलाई पुरस्कृत तथा ६० वर्ष उमेर पुरा भई अनिवार्य अवकाश हुनु भएका महिला स्वास्थ्य स्वयं सेविका ज्यूहरुलाई विदाई तथा सम्मान कार्यक्रम ।
- स्वास्थ्यकर्मीहरुलाई क्षयरोग सम्बन्धि तिन दिने आधारभूत तालिम संचालन ।
- क्षयरोग कार्यक्रमको बार्षिक तथा अर्धवार्षिक समिक्षा कार्यक्रम संचालन ।
- दादुरा रुबेला खोप अभियान संचालन ।
- स्वास्थ्यकर्मीहरुलाई नसर्ने रोग सम्बन्धि तिन दिने तालिम संचालन ।
- CB-IMNCI अनसाईट कोचिङ संचालन ।
- बर्थिङ सेन्टरहरु तथा नेपालगंज मेडिकल कलेजलाई आमासुरक्षा कार्यक्रम वापतको रकम त्रैमासिक रुपमा भुक्तानी ।
- विश्व क्षयरोग दिवश कार्यक्रम बिभिन्न कर्याकलाप सहित सम्पन्न ।
- सुर्तीजन्य पदार्थ नियमन नियन्त्रण सम्बन्धि जनचेतना मुलक कार्यक्रम संचालन ।
- पूर्ण खोप वडा घोषणा तथा सुनिश्चितता कार्यक्रम संपन्न

## महिला बालबालिका तथा ज्येष्ठ नागरिक शाखा

- महिला उद्यमी जनालाई विवाहको सगुन सामग्री र हातेकढई सम्वन्धी तालिम २१ (नयाँ तर्फ) जना नमुना वस्तीका महिला तथा किशोरीलाई २० जना व्यक्तिलाई र २० र अपांगता भएका जनालाई सीपमूलक तालिम प्रदान गरिएको र ६१ अचार सम्वन्धी तालिम प्रदान गरी जम्मा

तालिमबाट उत्पादन भएको सामग्री विक्रि गरी रु७९२५। मात्र राजस्व खातामा दाखिला . गरिएको।

- ११ वटा वडामा नगरबाट बालक्लव पुन गठन र अन्य वडाको पहलबाट पुन गठन कार्य गरी जम्मा २२ वटा वडा स्तरका बालक्लव गठन सम्पन्न र १ नगर सञ्जाल पुन गठन कार्य सम्पन्न गरिएको। जसमा करिव ९२१ जना बालबालिकाको बाल सहभागितामा २७९ जना बालबालिकालाई बालक्लवमा आवद्ध गराउने काम सम्पन्न
- स्थानीय बालमैत्री नगरपालिका घोषण कार्यक्रम अन्तरगत वडा र नगरस्तरमा योजना तर्जुमा बाल भेला कार्यक्रममा करिव ७९५ जना बालबालिकाको सहभागिता गराइएको र २३ वटै वडा र नगरस्तरमा भेला सम्पन्न गरिएको।
- करिव १६५१ जना प्रत्यक्ष लाभान्वित हुने गरी महिला बालबालिका अपांगता तथा ज्येष्ठ नागरिकको हक अधिकार तथा सेवा सुविधा र कानूनी व्यवस्थाको विषयमा सचेतना प्रवद्धन कार्यक्रम सम्पन्न गरिएको छ।
- दाइजो प्रथा विरुद्धको कार्यविधि मस्यौदा तर्जुमा गरी विधेयक समितिमा पेश गरिएको।
- ३१ वटा लैंगिक हिंसा निगरानी समितिलाई समुदायमा भएका हिंसाको अभिलेखीकरण किताव वितरण कार्य सम्पन्न गरिएको।
- २३ जना बालबालिकाहरुलाई उद्दारउपचार सहयोग तथा पुनस्थापना (३ )संरक्षण सेल्टर (३) र शैक्षिक सहयोग प्रदान गरिएको छ।

**सामाजिक, गै.स.तथा साझेदारी शाखा**

- नेपालगञ्ज उप-महानगर क्षेत्रमा बसोवास गरिरहेका लक्षित समुदायहरु मध्ये आर्थिक उपार्जन हुने पेशा, व्यवसायमा संलग्न हुन नसकेका, अवसर नपाएका र गर्न चाहेर पनि सानो बिउ पूँजीको अभाव भएका सवै नगरवासीहरुले देखेको आफ्नो आर्थिक समृद्धिको परिकल्पना साकार पार्न गरिवसँग स्थानीय सरकार कार्यक्रम सञ्चालन गर्ने उद्धेश्यले “गरिवसँग स्थानीय सरकार सञ्चालन कार्यविधि, २०८०” स्वीकृत गरी नेपालगञ्ज राजपत्रमा प्रकाशन गरिएको छ ।
- गरिवसंग स्थानीय सरकार सञ्चालन कार्यक्रम (विगतको साझेदारी विकास कार्यक्रम) अन्तर्गत् सामाजिक, गैसस तथा साझेदारी विकास शाखाबाट विभिन्न लक्षित वर्गहरुको व्यवसाय सञ्चालन गर्न उपलब्ध गराईएको सहुलियतपूर्ण कर्जा लगानी र सो को असुली सम्बन्धी नयाँ कानूनी प्रवन्धका साथै शाखाबाट चालिएको अभियान स्वरुप चालू आ.व.२०८०।०८१ को श्रावण देखि

असार मसान्त सम्म सावाँ असुली तर्फ रु ६४,३१,०९५।२६, व्याज रु २०,१३,२३७।२७ र जरिवाना रु ३,६८,९३९।१० समेत गरि कूल जम्मा ८८,१३,२७१।६३ (अठासी लाख लाख तेह्र हजार दुईसय एकहत्तर पैंसा तिरसट्ठी) रुपैंया असुलउपर गर्न सफल भएको छ । सो रकम मध्ये गत आ.व. २०७९।८० मा भाखा नाघेका १५४ जना ऋणीहरु मध्ये ६७ जनाले सावाँ रु ३१,०९,३७२।२५।-, व्याज र जरिवाना रु ९,४७,६१४।- बुझाई आफ्नो सवै कर्जा चुक्ता गरेका छन् । २०७९।०८० मा भाखा नाघेका मध्ये अव बाँकी ८७ जना र २०८०।०८१ को असार मसान्तमा भाखा नाघेका थप १५९ जना र आ.व. २०८१।०८२ मा भाखा नाघ्ने ४८ जना थप समेत जम्मा २०७ जना व्यवसायीहरुबाट रु १,७२,५६,९९८।- (एक करोड बहत्तर लाख छपन्न हजार नौं सय अन्ठानब्बे) सावाँ र सो मा लाग्ने नियमानुसार व्याज एवं जरिवाना असुल हुन बाँकी रहेको छ ।

- गरिबी निवारणका लागी लघु उद्यम विकास कार्यक्रम (मेड्पा) अन्तर्गत् सञ्चालित उद्यमशिलता तालिमबाट छनौट भएका प्रशिक्षार्थीहरुमध्ये मिति २०८० चैत्र ३ गते देखि २०८१ असार ६ गते सम्म १३ जनालाई आधारभूत व्यूटीपार्लर तालिम (३ महिने), १८ जनालाई आधारभूत सिलाई कटाई तालिम (३ महिना) र मिति २०८० चैत्र ३ गते देखि २०८१ वैशाख १० गते सम्म ७ जनालाई जुत्ता चप्पल बनाउने तालिम (२५ दिने) प्रदान गरि बजारीकरण र वित्तीय पहुँच विषयमा अभिमुखिकरण प्रदान गरिएको छ । उल्लेखित तालिम लिएका मध्ये जुत्ता चप्पल तालिमका सहभागिहरु स्वरोजगारमूलक उत्पादन व्यवसायमा संलग्न भैसकेका छन् ।
- नव उद्यमशाला केन्द्रद्धारा १५ जना नवउद्यमीलाई स्टार्ट अप तालिम प्रदान गरिएको छ ।
- नेपालगञ्ज उप-महानगरपालिकाको वार्षिक दुई पटक सार्वजनिक सुनुवाई र वार्षिक एक पटक सामाजिक परिक्षण कार्य सम्पन्न भएको छ । मिति २०८० माघ २९ गते १५४ जना सेवाग्राही एवं जवाफदेहीवक्ता समेतको उपस्थितिमा पहिलो सार्वजनिक सुनुवाई सम्पन्न भई ५ बुँदे प्रतिवद्धता व्यक्त भएको थियो, यसैगरि मिति २०८१ असार २२ गते २०१ जना सेवाग्राही एवं जवाफदेहीवक्ता समेतको उपस्थितिमा दोस्रो सार्वजनिक सुनुवाई कार्यक्रम सम्पन्न भई ७ बुँदे प्रतिवद्धता व्यक्त हुनुका साथै कार्यक्रमका दौरान नगरवासीहरुबाट प्रत्यक्ष तथा अप्रत्यक्ष रुपमा उठाईएका गुनासाहरुको समाधान गरि सुझावहरु ग्रहण गरिएको थियो ।
- मिति २०८०।११।०१ गते देखि २०८१।०२।१७ सम्म २४ जनालाई मोबाईल मर्मत् तालिम (३९० घण्टा/३ महिना) र २३ जनालाई टायल मार्वल फिटर तालिम (३९० घण्टा/३ महिना) प्रदान गरिएको छ । यसै गरि मिति २०८०।११।०१ देखि २०८०।१२।१२ सम्म २३ जनालाई कुक तालिम (४५ दिन/१८५ घण्टा) प्राविधिक सीप तथा व्यवसायिक तालिम परिषद् ९ऋत्भ्ख्त्० को

पाठ्यक्रममा आधारित रहेर सीप प्रदान गरि स्वदेश तथा विदेशमै स्वरोजगार बन्न सक्ने अवसर सृजना गरिएको छ ।

- सुरक्षित आप्रवासन (सामी) कार्यक्रम तर्फ वैदेशिक रोजगारीमा जान चाहने व्यक्तिहरुलाई सूचना तथा परामर्श, मनोसामाजिक परामर्श, वित्तीय साक्षरता र सीप विकास तालिमका माध्यमबाट सुरक्षित वैदशिक रोजागारीका प्रशस्त अवसरहरु सृजना गरि देहाय बमोजिम नतिजा हासिल भएको छ ः
- जिल्ला प्रशासन कार्यालय बाँकेमा रहेको आप्रवासी स्रोत केन्द्र, उपकेन्द्रबाट चालू आ.व. मा बैदेशिक रोजगारमा जानका लागी राहदानी लिएका ११३१८ (पुरुष ७९३५ र ३३८३ महिला) जना लाई र रिटर्नी स्वयंसेवकहरु मार्फत् १०८५५ जना (पुुरुष ७९५१ र महिला २९०४) लाई सुरक्षित गन्तव्यका लागि महत्वपूर्ण सूचना तथा परामर्श सेवा प्रदान गरिएको छ ।
- बैदेशिक रोजगारीमा रहेका, जान लागेका र जाने प्रक्रियामा रहेका १६३ जना (पुरुष १२६ र महिला ३७) मध्ये ठगीमा परेका, भने बमोजिमको काम नपाएका, ज्याला नदिएको, अङ्गभङ्ग भएका, मृत्यु भई क्षतिपूर्ति नपाएका कामदारहरुको गुनासो सुनुवाई गरि ५९ जना (पुरुष ४४, महिला १५ जना) को समस्या समाधान गरि हालसंम वैदेशिक रोजगार विभागबाट रु २,४१,७७,४४०।- (दुई करोड एकचालिस लाख सतहत्तर हजार चारसय चालिस) आर्थिक सहयोग उपलब्ध गराईएको छ । गुनासो आएकामध्ये १०३ जनाको गुनासो समाधान गर्ने चरणमा रहेको छ ।
- वैदेशिक रोजगारीमा जाने ११३ जना (पुरुष ६७ र महिला ४६) सम्भावित कामदारहरुलाई उपयुक्त सीप तालिमका लागि हेल्भेटास नेपालमा सिफारिस गरिएको छ ।
- नेपालगंज उपमहानगरपालिका वडा नं. १, १५, २० र २१ मा बैदेशिक रोजगारीमा रहेका घर परिवारका सदस्यहरुलाई विदेशबाट पठाएको रकम कसरी व्यवस्थापन गर्ने भन्ने पाठ््यक्रमका आधारमा कूल ४ वटा वित्तीय साक्षरता कक्षा सञ्चालन भई वित्तीय पहुँचका लागि मूल प्रवाहिकरण गरिएको छ । यसबाट १०० जना महिलाहरु प्रत्यक्ष लाभान्वित भएका छन् । जसमध्ये आम्दानी लेखा जोखा ८८ जना, व्यवसाय र प्रवद्र्धन १९ जना, वचत वृद्धि ५८ जना र वित्तिय संस्थामा १७ जनाले पहूँच पाएका छन् ।
- ३० जनालाई मनोसामाजिक परामर्श सेवा प्रदान गरिएकोमा सो मध्ये २७ जना व्यक्तिको समस्या समाधान गर्न सफल भई उनीहरुद्धारा आफ्ना लागी नयाँ जिवन पाएको अनुभूति महशुस भएको छ ।

- बैदेशिक रोजगारीलाई सुरक्षित, मर्यादित र भरपर्दो बनाउने उद्धेश्यका साथ विभिन्न सरोकारवालाहरुसंग बेग्लाबेग्लै अन्तरक्रिया कार्यक्रम गरिएको छ यसबाट वैदेशिक रोजगारीमा गएका, जाने प्रक्रियामा रहेका र सोच बनाएका सवै स्थानीयवासीहरुमा जागरुकता बढेको छ । "वैदेशिक रोजगार सम्बन्धी नगरस्तरीय पाश्र्वचित्र, २०८१" को प्रारम्भिक प्रारुप तयार भएको छ । जस अनुसार यस उप-महानगरपालिकाबाट वैदेशिक रोजगारीमा रहेका २०२३, वैदेशिक रोजगारीबाट फर्केका १४०६ र अध्ययनमा गएका ५०२ समेत कूल ३९३१ तथ्याङ्क संकलन भएको छ ।
- नेपालगञ्ज उप-महानगरपालिकाको सहयोगमा सम्वत् २०७९ साल माघ १५ गतेबाट वागेश्वरी मन्दिरमा प्रत्येक हप्ताको सोमवार महाआरती कार्यक्रमको शुभारम्भ भएकोमा आ.व. २०८०।०८१ मा समेत ५४ वटा सोमवार उक्त कार्यक्रम भव्यताका साथ सम्पन्न भएको छ । यसबाट प्रसिद्ध शक्तिपिठको वहुआयामिक महत्व उजागर भई धार्मिक पर्यटनका साथै ऐतिहासिक धरोहरको संरक्षणमा ठूलो टेवा पुग्ने विश्वास लिईएको छ ।
- यस उप-महानगपालिकाको सहयोगमा भेरी साहित्य समाजद्धारा "बाँके शताब्दी साहित्यिक ग्रन्थ" प्रकाशन गर्ने कार्य सम्पन्न भएको छ, यसबाट यस नगरीको प्राचिन ईतिहास, संस्कृति र सभ्यतालाई उजागर गर्न सफल भएको छ ।
- नेपालगञ्ज-जनकपुर-नेपालगञ्ज प्रवद्र्धनात्मक हवाई उडान कार्यक्रमको मिति २०८० फागुन ५ गते शनिवार शुभारम्भ भएको छ, यसबाट पूर्वी नेपाल र पश्चिम नेपालको तराई क्षेत्रलाई सीधै हवाई मार्गबाट जोड्न सकिने र भविष्यमा जनकपुर, नेपालगञ्ज र मित्रराष्ट्र भारतको अयोध्या शहर जोड्न सकेमा धार्मिक पर्यटकहरुको नयाँ गन्तव्य बन्न सक्ने सम्भावनाको ढोका उजागर गरेको छ ।
- नेपालगञ्ज उप-महानगरपालिका देखि ठाकुरद्धारा लगायत बाँके जिल्लाका स्थानीय पर्यटकीय गन्तव्यका स्थानहरुको प्रवद्र्धन गर्ने उद्धेश्यले "टुरदि ठाकुरद्धारा" (TOUR THE THAKURDWAARAA 2024) को छैठौं संस्करण २०८० माघ २७ र २८ गते सम्पन्न भएको छ । उक्त कार्यक्रम पश्चिम नेपालको पर्यटन क्षेत्रमा एक जीवन्त र अनुकरणीय कार्यक्रमको रुपमा स्थापित हुन सफल भएको छ ।
- सामाजिक तथा आर्थिक दृष्टिकोणबाट विपन्न मधेशी, मुस्लिम, दलित, आदिवासी जनजाति, लोपोन्मुख आदिवासी जनजाति, थारु, सिमान्तकृत, अल्पसंख्यक, फरक क्षमता भएका, अपाङ्गता, द्धन्द पिडित र गरिब किसान लगायत जुनसुकै वर्ग, समूहका युवायुवतीहरुलाई लोक सेवा

आयोगद्धारा लिईने प्रतिष्पर्धात्मक परिक्षाको प्राविधिक तर्फ हेल्थ असिस्टेण्ट, स्टाफ नर्स, अहेव, अनमि पद र अप्राविधिक तर्फ खरिदार र नायब सुब्बा पदको पूर्व तयारी कक्षा कूल २०४ जना सहभागीहरुको उपस्थितिमा मिति २०८१ वैशाख ११ गते देखि ऐ. असार २२ गते सम्म सञ्चालन भई सम्पन्न भएको थियो ।

- नेपालगञ्ज उप-महानगरपालिकाको टोलस्तरीय संस्था सञ्चालन कार्यविधि, २०७८ मा भएको प्रावधानका विषयमा वडा नं. १, २, ४, ५, ६, ७, ८, ९, १०, १२, १३, १४, १५ र २० नं. वडामा गठित टोलस्तरीय संस्थाका १५९ जना पदाधिकारीहरुलाई १० समूहमा विभाजन गरि एक दिनको दरले मिति २०८१।०२।१० देखि ऐ. १९ गते सम्म अभिमुखिकरण कार्यक्रम सम्पन्न भएको छ । टोलस्तरीय संस्थाहरुलाई यस कार्यक्रमले उत्साह र उत्प्रेरणा दिन पूर्ण रुपमा सफल भएको छ । कार्यविधी अनुरुप गठन नभएका ठाउँहरुका टोलस्तरीय संस्थाका पदाधिकारीहरुको बुझाईमा स्पष्टता आउनु आफैमा महत्वपूर्ण छ । यसको आवश्यक्ता, महत्व र सान्दर्भिकता स्थानीय टोलस्तरीय संस्थाकै पदाधिकारीहरुको उपस्थितिमा हुनु निकै सकारात्मक हो । फलस्वरुप निकट दिनहरुमा सवै वडाहरुमा टोलस्तरीय संस्थाहरु गठन भई वडास्तरीय र नगरस्तरीय टोल समन्वय समितिले समेत पूर्णता प्राप्त गर्ने विश्वास लिईएको छ ।
- उप-महानगरपालिकाबाट दैनिक प्रशासनिक सेवा, सामाजिक विकास, आर्थिक विकास, वातावरण संरक्षण, भौतिक पूर्वाधार, वित्त व्यवस्थापन, राजस्व प्रशासन, शहरी सुशासन र बजार व्यवस्थापन क्षेत्रमा भए गरेका सकारात्मक र प्रभावकारी कामहरुको सही सूचना र जानकारी सहजताका साथ नगरवासीहरु माझ पुरयाउने उद्धेश्यका साथ जनताको भोगाई जस्ताको त्यस्तै नगर प्रमुख (मेयर) संग प्रश्नोत्तर शैलीमा राखि, उठेका विषयहरुको सम्बोधन प्रमुखद्धारा नेपालगञ्ज ग्यालरी मार्फत् तत्काल सार्वजनिक गर्ने गरि "जनतासंग मेयर" कार्यक्रम १० श्रृङ्खला उत्पादन गरि मिति २०८० माघ ९ देखि ऐ. चैत्र मसान्तसम्मको अवधिमा सम्पन्न भएको छ । यसबाट स्थानीय सरकारको पारदर्शिता र जवाफदेहिता प्रवद्र्धन हुन सफल भएको छ ।
- नेपालगञ्जमा कार्यालय खोली सञ्चालनमा रहेका स्थानीय टेलिभिजन, रेडीयो एफ.एम., पत्रपत्रिका र अनलाईन सञ्चार माध्यमहरुलाई यस उप-महानगरपालिकाले गरेका विकास निर्माण, सकारात्मक गतिविधी, असल अभ्यास, अनुकरणीय कार्यहरु र भविष्यको परिकल्पना सहित प्रकाशन एवं प्रशारण गरि सकारात्मक सन्देश प्रवाह गर्ने कार्यको थालनीका लागि सञ्चार क्षेत्र प्रवद्र्धन कार्यक्रम अन्तर्गत् स्थानीय सञ्चार माध्यमहरु टेलिभिजन १ (एक), एफ.एम. रेडियो ४ (चार), पत्रपत्रिका ९ (९) र अनलाईन १७ (सत्र) वटा संग प्रकाशन तथा प्रशारण सम्बन्धी सम्झौता

भई सम्पन्न गरिएको छ ।नेपालगञ्ज उपमहानगर क्षेत्रमा बसोवास गरिरहेका लक्षित समुदायहरु - मध्ये आर्थिक उपार्जन हुने पेशा, व्यवसायमा संलग्न हुन नसकेका, अवसर नपाएका र गर्न चाहेर पनि सानो बिउ पूँजीको अभाव भएका सवै नगरवासीहरुले देखेको आफ्नो आर्थिक समृद्धिको परिकल्पना साकार पार्न गरिवसँग स्थानीय सरकार कार्यक्रम सञ्चालन गर्ने उद्धेश्यले गरिवसँग " स्थानीय सरकार सञ्चालन कार्यविधि, २०८०स्वीकृत गरी नेपालगञ्ज राजपत्रमा प्रकाशन " गरिएको छ ।

<u>सहकारी शाखा</u>

- नेपालगन्ज उपमहानगरपालिकाको नियमन क्षेत्रभित्रका ३५ वटा सहकारी संस्थाको प्रत्यक्ष अप्रत्यक्ष रुपमा अनुगमन कार्य सम्पन्न गरिएको ।
- नेपालगन्ज उपमहानगरपालिकाको नियमन क्षेत्रभित्रका वटा 79सहकारी संस्थालाइ कोपोमिसको तालिम दिइ सहकारीको अनलाइन मार्फत नियमन गर्ने प्रणाली कोपोमिस प्रणालीमा आवद्द गरिएको ।
- नेपालगन्ज उपमहानगरपालिकाको नियमन क्षेत्रभित्रका सबै जसो सहकारी संस्थालाइ समेटी बार्षिक कार्ययोजनाअनुरुपका कार्यक्रमहरुमध्ये चौमासिक सिकाइ आदान प्रदान, विद्यालयमा सहकारी शिक्षा, सहकारीमा लेखापालन तालिम, सहाकारी नेतृत्व तथा व्यवस्थापन विकास कार्यशाला, सम्पत्ति शुद्दिकरण निवारण निर्देशिकाको कार्यान्वयन अन्तर्क्रिया कार्यक्रम र कोपोमिस तालिम सम्पन्न ।
- स्थानीय तह संस्थागत क्षमता स्वमूल्याङ्कन अन्तर्गत आ व २०८०।०८१ को स्वमूल्याकनको प्राप्ताङ्क ६७.५ सहित अन्तिम नतिजा तयार पारिएको ।

**राजस्व शाखा**

- भाडा तथा लिजमा लगाईएका सम्पत्तीहरु उपयोग वापतको उठन बाँकी रहेका बक्यौता रकम उठाउन बिशेष अभियान सञ्चालन मार्फत असुली कार्य जारी रहेको
- राजस्व असुली कार्य प्रवर्दन गर्नको लागि कर्मचारीको क्षमता अभिवृद्धि गरि अनुगमन कार्यलाई निरन्तरता दिईएको ।
- करको दर भन्दा पनि दायरालाई फराकिलो पारी आन्तरिक आय वृद्धि गर्ने नीति अनुरुप सम्बद्ध नेपालगंज उद्योग बाणिज्य संघ लगायत सरोकारवाला निकाय संगको सहकार्यमा राजस्वको दायरामा नआएका क्षेत्रहरुलाई राजस्वको दायरामा ल्याउने कार्य जारी रहेको ।

**सामाजिक सुरक्षा तथा पन्जिकरण तर्फ**

- सामाजिक सुरक्षा भत्ता प्रणालीलाइ पूर्ण रुपमा बैंकिङ्क प्रणालीमा आवद्द गरि इफटी मार्फत सामाजिक सुरक्षा भत्ता लाभग्राहीको खातामा जाने व्यस्था गरिएको ।
- सामाजिक सुरक्षा भत्ता नविकरण प्रणालीलाइ त्रुटीरहित बनाउन बायोलोजिकल डिजीटल स्क्यानिङ्ग डिभाइसको प्रयोग राष्ट्रिय परिचयपत्रसँग आवद्ध गर्दै आ२०८१।८२ बाट गर्ने गरी २३ वटै .ब. वडा कार्यलय र पालिकाको पंजीकरण शाखामा डिभाइस जडान गरीएको ।
- लाभग्राहीको खातामा इफटी मार्फत सामाजिक सुरक्षा भत्ता बापतको रकम भुक्तानी गरिएको ।

## चौथो किस्ता तर्फ (बैशाख देखि असार सम्म)

| क्र.सं. | लाभग्राहीको प्रकार | मासिक दर | लाभग्राहीको संख्या | विनियोजित बजेट रु. | EFT द्धारा भत्ता वितरण |
|---|---|---|---|---|---|
| 1 | जेष्ठ नागरिक (अन्य) | 4000 | 5520 | 11,05,80,454/- | लाभग्राहीको खातामा जम्मा भइसकेको |
| 2 | जेष्ठ नागरिक (दलित र क्षेत्र तोकिएका) | 2660 | 555 | | |
| 3 | एकल महिला | 2660 | 975 | | |
| 4 | विधवा | 2660 | 2434 | | |
| 5 | पूर्ण अपाङ्ता | 3990 | 470 | | |
| 6 | अति अशक्त अपाङ्ता | 2128 | 629 | | |
| 7 | लोपोन्मुख / आदिवासी जनजाती | 3990 | 169 | | |
| 8 | दलित बालबालिका | 532 | 1476 | | |
| **कुल जम्मा** | | | **12228** | **11,05,80,454/-** | |

जिल्ला : बाँके गा.पा/न.पा.: नेपालगँज दर्ता मिति देखि: २०८१-०१-०१ दर्ता मिति सम्म: २०८१-०३-३१

| वडा नं. | जन्म | | | | मृत्यु | | | | न्ध | विवाह | बसाई सरी आएको | | बसाई सरी जाने | | बेवारिसे | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | पुरूष | महिला | तेश्रो लिङ्ग | जम्मा | पुरूष | महिला | तेश्रो लिङ्ग | जम्मा | जम्मा | जम्मा | दर्ता संख्या | सदस्यको संख्या | दर्ता संख्या | सदस्य को संख्या | जम्मा | |
| १ | १४ | १६ | | ३० | ८ | ६ | | १४ | २ | १९ | ११ | ३३ | ५ | १३ | | ८१ |
| २ | १८ | १९ | | ३७ | ९ | ४ | | १३ | १ | ५ | ६ | १५ | २ | ११ | | ६४ |
| ३ | १८ | २० | | ३८ | ६ | ५ | | ११ | | १३ | | | ६ | १० | | ६८ |
| ४ | १० | १५ | | २५ | ६ | ३ | | ९ | | १८ | २० | ५३ | ७ | १४ | | ७९ |
| ५ | २० | १७ | | ३७ | २ | ५ | | ७ | | १३ | ६ | २० | २ | ३ | | ६५ |
| ६ | १० | ९ | | १९ | ४ | ५ | | ९ | १ | १३ | १० | ३६ | ५ | १४ | | ५७ |
| ७ | १७ | २० | | ३७ | ४ | ५ | | ९ | | ७ | ३ | ३ | ४ | ५ | | ६० |
| ८ | २६ | २६ | | ५२ | ६ | ६ | | १२ | १ | १६ | १ | ४ | ४ | १७ | | ८६ |
| ९ | १६ | १८ | | ३४ | ५ | ७ | | १२ | १ | ९ | ६ | १२ | १ | ६ | | ६३ |
| १० | ११ | ११ | | २२ | ५ | ४ | | ९ | १ | १४ | १६ | ५० | ९ | २७ | | ७१ |
| ११ | २१ | २५ | | ४६ | १३ | ६ | | १९ | | २१ | ६ | १५ | ४ | १६ | | ९६ |
| १२ | १५ | १३ | | २८ | ६ | १० | | १६ | २ | १२ | १३ | ४४ | ३ | ४ | | ७४ |
| १३ | ३० | ३० | | ६० | ४ | ९ | | १३ | १ | ११ | ५ | ११ | १ | ३ | | ९१ |
| १४ | २२ | ३४ | | ५६ | ३ | ४ | | ७ | | ९ | ४ | १५ | | | | ७६ |
| १५ | २४ | २२ | | ४६ | ८ | २ | | १० | | २१ | १ | १ | १ | २ | | ७९ |
| १६ | ५८ | ६७ | | १२५ | ९ | ५ | | १४ | १ | २१ | | | ३ | ९ | | १६४ |
| १७ | १५ | १४ | | २९ | ५ | ७ | | १२ | २ | १० | १ | ४ | | | | ५४ |
| १८ | २८ | २२ | | ५० | ३ | ७ | | १० | २ | १३ | २१ | ६० | ४ | १४ | | १०० |
| १९ | २९ | २१ | | ५० | १ | ५ | | ६ | २ | १८ | ६ | १८ | ८ | ३६ | | ९० |
| २० | ४२ | ३१ | | ७३ | १५ | ८ | | २३ | ३ | २८ | १५ | ५१ | ९ | १५ | | १५१ |
| २१ | ४६ | ३१ | | ७७ | ५ | ७ | | १२ | | २१ | ४ | ५ | २ | ४ | | ११६ |
| २२ | २४ | २१ | | ४५ | ९ | ४ | | १३ | | १० | ५ | १३ | | | | ७३ |
| २३ | १२ | ८ | | २० | २ | २ | | ४ | | ४ | १ | १ | | | | २९ |
| **जम्मा** | **५२६** | **५१०** | **०** | **१०३६** | **१३८** | **१२६** | **०** | **२६४** | **२०** | **३२६** | **१६१** | **४६४** | **८०** | **२२३** | **०** | **१८८७** |

**कृषि शाखा**

- एउटा तरकारीको पकेट  निरन्तरताको भुक्तानीको कार्य सम्पन्न ।
- एउटा च्याउको पकेट निरन्तरताको भुक्तानीको कार्य सम्पन्न ।
- ५० प्रतिशत अनुदानमा कन्ये च्याउको ३००० पोका बिउ बितरण कार्य सम्पन्न ।
- हिउँदे तरकारी कम्पोजिट प्याकेट ३५० सेट निशुल्क बितरण कार्य सम्पन्न ।
- व्यवसायिक खेति गर्ने कृषकहरुलाई  १५५ प्याकेट काउली,१५६ प्याकेट बन्दा र १०० प्याकेट ब्रोकाउली को बिउ निशुल्क बितरण कार्य सम्पन्न ।
- तरकारी खेति प्रोत्साहन कार्यक्रममा सुचना मार्फत ८७ प्रस्तवना प्राप्त भएको सो प्रस्तावनाको अनुगमन गरि छनोट गरि सम्झौता कार्य सम्पन्न ।
- २ वटा माटो परिक्षण शिविर वडा नंं. १९ र २३ मा सम्पन्न भयो जहाँ २०० माटोको नमुना परिक्षण भएको थियो ।
- ३ वटा बाली उपचार शिविर सम्पन्न भयो जहाँ १३० कृषकको वालि परिक्षण तथा उपचार भयो । (वडा नं. १४,१५ र १६ मा) ।
- नि ःशुल्क बिषादिको बितरण  चलिरहेको छ ।
- तरकारी प्रबद्र्दन कार्यक्रममा सुचना मार्फत ८ प्रस्तवना प्राप्त भएको सो प्रस्तावनाको अनुगमन गरि छनोट गरि सम्झौता भई कार्य सम्पन्न भुक्तानी बाँकी रहेको  ।
- एक घर एक करेसावारि कार्यक्रममा सुचना मार्फत ५ प्रस्तवना प्राप्त भएको सो प्रस्तावनाको अनुगमन गरि छनोट गरि सम्झौताको प्रक्रियामा रहेको ।
- पोषण सुधारको लागि कौशि खेति कार्यक्रममा सुचना मार्फत १ प्रस्तवना प्राप्त भएको सो प्रस्तावनाको अनुगमन गरि छनोट गरि सम्झौताको प्रक्रियामा रहेको ।
- ब्रोकाउली तथा बन्दाको एक एक संचालित आई पि.एम कृषक पाठशाला कृषक दिवश मनाएर सम्पन्न  गरियो ।
- किसान सुचिकरण अन्रतगत गणकहरुले वडा नं. १९ र २३ मा तथ्यांक संकलन कार्य सम्पन्न भएको छ ।
- फिल्ड अनुगमन नियमित रुपमा चलिरहेको छ ।

- बर्षे तरकारीको कम्पोजिट प्याकेट ३०० सेट तरकारीको बिउ निशुल्क बितरण गरियो ।
- व्यवसायिक कृषकहरुलाई हाईब्रिड बिउ ४६ सेट निशुल्क बितरण गरियो ।
- उन्नत बिउ उपयोगमा अनुदान कार्यक्रम अन्तगत धानको बिउ(राधा ४ ७२४०के.जी.,राम धान ५००१ के.जी.र सावाँ मन्सुली सव १ ४५२५ के.जी ) ५० प्रतिशत अनुदानमा बितरण कार्य सम्पन्न भएको छ ।
- कृषि यन्त्र तथा उपकरण ५० प्रतिशत अनुदानमा (मिनि टिलर) बितरण तथा उत्पादन,बजारीकरण तथा पोष्ट हार्भेष्ट व्यवस्थापनका लागि साना कृषि उपकरण ५० प्रतिशत अनुदानमा बितरण(क्रेट,डिजिटल तराजु,त्रिपाल,पिस व्याग,स्प्रयेर,हजारी आदी)कार्यक्रम अन्तगत मिनिटिलर ४ थान, हजारी ५६ थान,स्प्रे २० थान, क्रेट १५० थान ,त्रिपाल १९० थान, पिस व्याग ७० थान,डिजिटल तराजु १ थान ,हेर्रो १ थान ५० प्रतिशत अनुदानमा बितरण कार्य भइरहेको ।

**पशुसेवा शाखा**

- व्यवसायिक ३ दिने गाईभैसीपालन/,बाख्रापालन,कुखुरापालन तालिम सञ्चालन गरि व्यवसाय प्रवर्द्धनमा सहयोग पुर्याएको ।
- पशुजन्य पदार्थ उत्पादनमा वृद्धि गर्ने उदेश्यले बर्षिम तथा जै घाँसको बिउँ क्रमशः१०६० र ३०० किलो कृषकलाई वितरण गरिएको ।
- रेविज रोग नियन्त्रणमा सघाउ पुर्याउने उदेश्यले नगर भित्रमा २३१ वटा सामुदायिक कुकुरहरुको बन्ध्याकरण गरिएको ।
- पशुमा लाग्ने महामारीजन्य रोग नियन्त्रणका लागि २५ हजार भेडाबाख्रामा पिपिआर/,२० बजार गाईभैस/ीमा भ्यागुते/चरचरे र १ हजार बंगुरमा स्वाईन फिवर भ्याक्सिन लगाईएको ।
- नश्ल सुधार गरि दुध तथा मासु उत्पादन गर्ने उदेश्यले नगर भित्रमा कृषकका २१६ वटा गाईभैसीमा निशुल्क कृत्रिम गर्भाधान गरिएको ।/
- दुध उत्पादन प्रवर्द्धन गर्ने उदेश्यका साथ नगर भित्र दुध उत्पादन गरि सहकारी मार्फत विक्रि वितरण गर्ने कृषकहरुलाई सहकारी मार्फत ३.५६६ रुपैया प्रति लिटर अनुदान उपलब्ध गराईएको ।
- मासु प्रवर्द्धन गर्ने उदेश्यले प्रति भेडाबंगुर २५०० रुपैया अनुदान रकम उपलब्ध /पाडा/बाख्रा/ गराईएको ।

- स्वच्छ मासु उत्पादन तालिम लिएका मासु पसल व्यवसायिहरुको मासु पसल अनुगमन गरिएको ।
- पशु विमाको बारेमा प्रस्ट पार्नका लागि कृषक र प्राविधिकहरु बिच पशु विमा सम्बन्धी अन्तरक्रिया गोष्ठि कार्यक्रम सञ्चालन गरिएको ।
- पशुमा लाग्ने रोग पहिचान तथा नियन्त्रणका गर्नका लागि वडा नं.१९,१४ र २३ मा निशुल्क पशु स्वास्थ्य तथा परजिवि नियन्त्रण कार्यक्रम सञ्चालन गरिएको ।
- उपचार सेवा औषधि खरिद शिर्षकमा विनियोजन भएको बजेट मार्फत औषधि खरिद गरि कृषकहरुलाई पशुको प्रयोजनार्थ वितरण गरेको ।

## सूचना प्रविधि शाखा

- विद्धुतीय घर नक्शा प्रणालीको जोखिम पहिचान तथा सुरक्षा परिक्षण कार्य सम्पन्न भई Government Domain मा सञ्चालनमा आएको ।
- नगरका ११ वटा फोहोरमैला बोक्ने प्रयोजनका लागी प्रयोग भई रहेका सवारी साधनहरुमा GPS जडान गर्ने कार्य सम्पन्न। हालसम्म जडान) भएको जम्मा संख्या २६ वटा(
- नगरका २३ वटै वडाहरुको १/१ वटा सार्वजनिक स्थानहरु गरि जम्मा २३ वटा स्थानहरुमा Free-WiFi जडान गरिएको ।
- वडा सचिव तथा सहायक कर्मचारीहरुलाई सुचना प्रविधि तथा विध्दुतीय साक्षरता)Digital Literacy) सम्बन्धी तालिम कार्यक्रम संचालन गरिएको ।
- नेपालगञ्ज उप महानगरपालिकाको सामाजिक संजाल तथा-website, अनलाईन पोर्टल लगायत अन्य माध्यमहरु नियमित अपडेट तथा Reporting भएको ।
- कागजात व्यवस्तापन प्रणाली )Document Management System) सम्बन्धी २३ वटै वडामा वडास्तरीय अन्तरक्रिया तथा अभिमुखिकरण कार्यक्रम सम्पन्न भएको ।
- नगरको दमकलहरुमा Vehicle Tracking System तथा Alert System जडान भईरहेको ।

## नगर प्रहरी शाखा

- नगर क्षेत्र भित्र सर्वसाधारणको सहजताको लागि बजार क्षेत्र भित्र हुने अतिक्रमणहरु नियमित रुपमा हटाउने कार्य गरिएको ।
- नगर क्षेत्र भित्र बिना नक्सा,मापदण्ड विपरीत अवैधानिक तरिकाले निर्माण हुन लागेका निर्माण कार्य रोक्का राख्न लगाई कानुनी दायरामा ल्याईएको ।

- सेवाग्राहीले दर्ता गराएको उजुरी निवेदन उपर स्थलगत निरीक्षण गरी आवश्यक कारबाहीको लागि प्रतिवेदन लेखन गरी सम्बन्धित शाखामा पठाईएको ।
- नगर क्षेत्र भित्र हुने अस्तव्यस्त र ट्राफिकजामलाई मध्यनजर गरी नगरका विभिन्न चोकहरुमा नगर प्रहरी खटाईएको ।
- अनाधिकृत विज्ञापनका बोर्ड, होडि" बोर्ड तथा समय नाघेका ब्यानरको पहिचान गरी हटाईएको र शहरलाई कुरुप बनाउँने गरी पर्चा पम्पलेट टाँस गर्ने त्यस्ता व्यक्तिहरुलाई नियन्त्रणमा लिई कारबाही समेत गरेको ।
- होटल,रेष्टुरेन्टहरु मापदण्ड अनुरुप चले नचलेको चेकजाँच गर्ने कार्य गरेको र होटल,रेष्टुरेन्टहरुबाट वातावरणलाई असर पुग्ने गरीे निस्किएका धुवा,धुलो फोहोरमैला व्यवस्थापन नगर्ने होटल,रेष्टुरेन्टहरुलाई आवश्यक कारबाही गरिएको ।
- बिना ईजाजत व्यापार,व्यवसाय गर्न व्यवसायीहरुको पहिचान गरी व्यवसाय दर्ता भए नभएको हेरी दर्ता नभएका व्यवसायलाई दर्ता गर्न लगाएको र नविकरण नगराएकाहरुलाई नविकरण गर्न लगाउँने कार्य गरिएको ।
- नेपालगन्ज उपमहानगरपालिका भित्र हुने सभा समारोह—,चाडपर्वमा समेत आवश्यक सुरक्षा तथा व्यवस्थापन गर्ने कार्य गरेको ।
- सार्वजनिक आवागमनमा बाधा पु¥याई रहेका निर्माण सामाग्री तथा पसल व्यवसायबाट भएको अवरोध हटाउँन लगाएको ।
- नगर क्षेत्र भित्र संचालनमा रहेका ईरिक्साहरुलाई व्यवस्थापन गर्नका लागि ट्राफिक प्रहरी —रिक्साहरुलाई कालो —रिक्सा चेक जाँच गरी रातो नम्बर प्लेटका ई—संगको समन्वयमा ई रिक्साहरुलाई पुनः प्रयोग नहुने गरी फिर्ता गर्ने कार्य —नम्बर प्लेट गर्न लगाएको र अवैध ई गरिएको ।
- नेपालगन्ज उपमह—ानगरपालिकाको कार्यालयको आदेश बमोजिम नगरका विभिन्न क्षेत्र भित्र विकास निर्माणमा अवरोध बनेका तथा मापदण्ड विपरीत बनेका अवैध संरचनाहरु हटाउँने कार्य गरिएका
- यस नेपालगन्ज उपमहानगरपालिका क्षेत्र भित्र सडक,बाटो,चोक तथा बजार भित्र अस्तव्यस्त तरिकाले ट्राफिक जाम गरी छरिएर रहेका ठेलाहरुलाई व्यस्थापन गर्ने कार्य गरिएको ।
- नगर क्षेत्र भित्र जताभावी फोहर मैला गर्ने,फाल्ने व्यक्ति तथा संस्थाहरुलाई नियम बमोजिम जरिवाना गरिएको ।

- जाडोयाममा शितलहर चलि रहेको बेला नगरका विभिन्न चोक,२३ वटै वडाहरु तथा विभिन्न संस्थाहरुमा दाउरा वितरण गर्ने कार्य गरिएको ।

## रोजगार सेवा केन्द्र

- चालु आबमा ६८ जना.लाई कामको लागि पारिश्रमिक मार्फत रोजगारी सिर्जना गरी लाभान्वित भएका छन ।
- आ८१मा बैदेशिक रोजगार बोर्डबाट प्रदान गरिने कल्याणकारी सेवाहरु अन्तर्गत /२०८०.व. अनलाइन प्रणाली मार्फत ९ जना मृतकका परिवारलाई आर्थिक सहायता र ११ जनालाई विरामी अंगभङ्ग वापतको आर्थिक सहायता उपलब्ध गराउन सहजिकरण गरिएको।
- आ८१मा बैदेशिक रोजगार बोर्डबाट प्/२०८०.व.रदान गरिने कल्याणकारी सेवाहरु अन्तर्गत अनलाइन प्रणाली मार्फत २ जनाको शव ढुवानी, ८ जनाको छात्रवृत्ति र एकजनाको उद्धार खोजतलास गराउन सहजिकरण गरिएको।
- २०८० श्रावण १ गते बाट अनलाइन मार्फत व्यक्तीगत श्रम स्वीकृति र पुन श्रम स्वीकृति हालसम्म ११२ जनालाइ सेवा प्रदान गरिएको ।
- नेपालगञ्ज उको ५ वटा वडामा श्रमको सम्मान कार्यक्रम सम्पन्न गरिएको । .पा.न.म.
- ४० जनालाई वाइरिंग र प्लम्बर तालिम ३९० घण्टे तालिम (रोजगारीमा पदस्थापन सहित) संचालन गरिएको ।
- नेपालगञ्ज उको १ देखि २३ वडाकै वडा सदस्यहरुलाई रोजगार सेवा केन्द्र बा .पा.न.म.ट प्रदान गरिने सेवाहरुको बारेमा अभिमुखीकरण गरिएको ।
- वैदेशिक रोजगारीबाट फर्केका व्यक्तिहरुको संजालसंग बैठक तथा अन्तरक्रिय सम्पन्न गरिएको ।
- १० वर्षे आन्तरिक रोजगारको प्रक्षेपण गरिएको ।
- आन्तरिक रोजगारीको प्रवर्धनको लागि निजि क्षेत्र संग **"मेयर संग रोजगार दाता "**कार्यक्रम गरिएको ।
- रोजगारीको हकको प्रभावकारी कार्यान्वयनस्थानीय तहमा उपलव्ध हुने रोजगारको अवसरको , समस्याको निदान र रोजगारको क्षेत्रमा नविनतम उपाय र विधिको पहिचान गर्न ,पहिचान रोजगार संबाद मञ्चको गठन गरी सुझाव संकलन गरिएको ।
- बेरोजगार व्यक्तिको सुचिकृत तथा रोजगार दाताको तथ्यांक संकलन कार्य गरिएको ।

**योजना महाशाखा र भौतिक पूर्वाधार तथा शहरी विकास महाशाखा**

- प्रदेश समपुरक अनुदान अन्तरगत ८८० मिटर कालोपत्रे, ४२० मिटर नाला र ३०० मिटर बाटो ग्रवेल कार्य सम्पन्न भएको ।
- रत्नराजमार्गमा मिडियन व्यवस्थापनका लागि fencing को fabrication गरी installation गर्ने कार्य हुँदैं गरेको ।
- बसपार्क देखी सुर्जी गाउ जाने बाटोको वेसको काम सम्पन्न भई पिचको तयारीमा रहेको ।
- नेपालगंज उपमहानगरपालिका र सामाजिक विकस मंज SDF को साझेदारीमा विपन्न वर्गका व्यक्तीहरुका लागि २० वटा शौचालयको निमार्ण कार्य सम्पन्न भएको ।
- धार्मिक पर्यटनलाई मध्यनजर गर्दै नेपालगञ्ज उप-महानगरपालिका वडा नं २ स्थित हनुमानगडिमा निर्माणद्धिन १०८ फिटे हनुमानको मुर्तिको पोडियम लेभलसम्म सम्पन्न भई मुख्य मुर्तिको निर्माण कार्य थालनी हुने अवस्थामा रहेको ।
- नेपालगंज उपमहानगरपालिका वडा १८ देवतादिन मा.वि. लग्दहवा र वडा नं १९ मा नेपाल राष्ट्रिय मा.वि.मा विद्यालय भवन सम्पन्न भएको र वडा नं. १९ जगतज्योति मा.वि. मा विद्यालय भवन निर्माणको अन्तिम चरणमा रहेको ।
- विद्युतीय घर नक्सा पास प्राणालीको सफ्टवयर तयारी गरी परिक्षणका रुपमा लागु गरिएको ।
- 
- हरियाली प्रवर्द्धन गर्न रत्नराजमार्गको वि.पि. चोकदेखि धम्बोजिसम्म मेडियन व्यवस्थापनको कार्य भैरहेको ।
- नेपालगञ्जमा चल्ने लु र अत्याधिक गर्मिबाटहुने समस्यालाई न्युन गर्न साथै यात्रीहरुलाई सहज बनाउन बसपार्कमा कुलिङ सेन्टरको निर्माण कार्य अन्तिम अवस्थामा रहेको ।
- अस्पतालबाट निस्कने फोहोरलाई व्यवस्थापन गर्न डम्पिङ स्थलमा प्लासेन्टा पिट र सार्प पिट निर्माण गरिएको ।
- सुर्खेत रोड गणेशमान चोकदेखि कारकाँदो चोकसम्म फुटपाथ व्यवस्थापन तथा शौन्दर्यकरण गर्न गणेशमान चोकदेखि फुटपाथ निर्माणको कार्य सुचारु गरिएको ।
- बागेश्वरी मन्दिरको पूर्वतर्फ रहेको खाली जग्गामा (न्यू रोड तर्फ जाने बाटो) बाउन्ड्रवाल र चिल्ड्रेन पार्क निर्माण गर्ने कार्य सुचारु भएको ।
- नेपालगञ्ज उप-महानगरपालिका वडा नं १ मा मेट्रिक हाउस नम्बरिङ प्रणाली जडान कार्यको थालनी भएको ।

- नगरभित्र रहेको ताल तलैयाको संरक्षण गर्दै जल पर्यटनलाई प्रवर्द्धन गरिएको ।
- वडा नं १, ४ र १९ मा योगा भवन निर्माण कार्य भएको ।
- नगर यातायात गुरुयोजना निर्माण कार्यको थालनी भएको ।

**स्थानीय आपतकालिन कार्य संचालन केन्द्र /सुपर कार्यक्रम**

| क्र.स. | कार्यक्रम | स्थान/विवरण | मिति | संख्या |
|---|---|---|---|---|
| १. | तालीम प्राप्त CERT स्वयमसेवकसंग समन्वय कार्यक्रम | होटल इन्द्रेणी र महेन्द्र माविमा नेपालगंज उपमनपा बडा नं. ३ र ७ मा २ बटा बैठक स्वयमसेवक,नेपाल प्रहरी, रेडक्रसकर्मी र नेपालगंजउपनपाको प्रतिनिधिको सहभागिता | २०८१ जेष्ठ ७ र ८ गते | ५३ जना |
| २. | राहत मापदण्ड अद्यावधिक बारे छलफल कार्यक्रम | LEOC/नेपालगंज नेपालगंजउपनपाको विषयगत समितिका संयोजक,शाखा महाशाखा प्रमुख, रेडक्रस प्रतिनिधि समेतको सहभागितामा २ बटा बैठक | २०८१ जेष्ठ २४ र २८ गते | ५३ जना |
| ३. | अन्तरपालिका समन्वय बैठक | सुनाखरी होटलमा जिल्ला विपद् व्यवस्थापन समितिको आयोजनामा प्रजिअ,सुरक्षा निकायका प्रमुख, पालिका प्रमुख, रेडक्रस बाँकेका पदाधिकारी तथा कर्मचारीहरु | २०८१ जेष्ठ २५ गते | ६१ जना |
| ४. | विपद् व्यवस्थापन योजनाबारे सरोकारवालसग समन्वय बैठक | होटल सुनखरी /नेपालगंज नेपालगंज उपनपाको नगर प्रमख, विषयगत समितिका संयोजक, कार्यपालिका सदस्य ,शाखा महाशाखा प्रमुख, लेखा तथा रेडक्रस जिल्ला शाखाका पदाधिकारी | २०८१ जेष्ठ ३१ | ४७ जना |
| ५. | व्यवसायिक निरन्तरता योजनाको कार्यान्वयन बारेमा समन्वय बैठक | होटल सुनखरी /नेपालगंज नेपालगंज उपनपाको विषयगत समितिका संयोजक, कार्यपालिका सदस्य ,शाखा महाशाखा प्रमुख, तथा रेडक्रस जिल्ला शाखाका पदाधिकारी | २०८१ जेष्ठ ३१ | ४७ जना |
| ६. | विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना अद्यावधिक सन्दर्भमा सरोकारवालसगको बैठक | होटल सुनखरी /नेपालगंज नेपालगंज उपनपाको नगर प्रमुख, विषयगत समितिका संयोजक, कार्यपालिका सदस्य ,शाखा महाशाखा प्रमुख तथा रेडक्रस जिल्ला शाखाका पदाधिकारी | २०८१ जेष्ठ ३१ | ६२ जना |
| ७. | बडा नं. ३,७,८,११ को सरसफाई योजनाबारे छलफल कार्यक्रम | सम्वन्धित बडाका जनप्रतिनिधि तथा कर्मचारीहरुको सहभागितामा सम्वन्धित बडामा सम्पन्न | २०८१ जेष्ठ २३ | ५० जना |
| ८. | साना किसान तथा साना उद्योग महासंघ | होटल सुनाखरीमा साना किसान तथा साना उद्योग महासंघका प्रतिनिधि तथा नेपालगंज | २०८१ जेष्ठ २५ | ३१ ज्ना |

| | | | | |
|---|---|---|---|---|
| | | उपनपाका प्रतिनिधि, रेडक्रस शाखाका प्रतिनिधि | | |
| ९. | बडा नं ३ र ७ मा भुकम्प तथा आगलागी सम्वन्धि कृत्रिम घटना अभ्यास | बडा नं. ३ र ७ का जनप्रतिनिधि, समुदाय, स्वयमसेवक, प्रहरी, नगर प्रहरी, दमकल सेवा, रेडक्रस शाखा, उपशाखका पदाधिकारी तथा कर्मचारी | २०८१ जेष्ठ २ र २०८१ असार ११ गते | १६५ जना |
| १०. | रेडियो कृष्णसारवाट कार्यक्रम सूपर ८ बटा प्रशारण | विमा कार्यक्रम, विपद् व्यवस्थापन तथा सूपर कार्यक्रमवारेमा जनचेतना कार्यक्रम हरेक विहिवार विहान ७ बजे | २०८१ जेष्ठवाट निरन्तर | २०००० जना |
| ११. | विपद व्यवस्थापनमा निजीक्षेत्रको भुमिका बारे अर्न्तरक्रिया | नेपालगज उद्योग बाणिज्य सघको सभाहलमा सघका पदाधिकारी, व्यवसायी,नेपालगंज उमहानपाका प्रतिनिधि, रेढक्रसका प्रतिनिधिहरु | २०८१ जेष्ठ ६ गते | ६५ जना |
| १२ | बडा नं.८ र ११ को बाटो तथा घरहरुको जोखीम नंशाकन कार्य | ड्रोनमार्फत बडा नं.८ र ११ को सवै क्षेत्रको नशाकन कार्य गरिएको छ । | २०८१ बैशाख देखी जेष्ठसम्म | २००० जना |
| १३ | नेपालगंजको विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना निमार्ण | नेपालगंजको विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना विषयगत समिति तथा सरोकारवालाको सहभागीतामा निमार्ण | २०८१ बैशाख देखी जेष्ठसम्म | १५० जना |
| १४ | बडा नं. ३,७,८,११ को सरसफाई योजना निमार्ण | सम्वन्धित बडाका जनप्रतिनिधि तथा कर्मचारीहरु,सरोकारवाला निकायसगको समन्वयमा ४ बडाको सरसफाई योजना निमार्ण | २०८१ जेष्ठ २३ | ५० जना |
| १५ | रेडियो कृष्णसारवाट कार्यक्रम सूपर ८ बटा प्रशारण | विपद् व्यवस्थापन तथा आवासिय विपद् विमा सम्वन्धि जनचेतना मूलक १५ मिनेटको हरेक विहिवार र शुक्रवार रेडियो कार्यक्रम कृष्णसारवाट कार्यक्रम सूपर ८ बटा प्रशारण गरिएको | २०८१ जेष्ठवाट निरन्तर | २०००० जना |
| १६ | नेपालगंज बडा नं.३ र ७ मा निर्जिवन विमा कार्यक्रमकालागि स्वयमसेवक परिचालन | नेपालगंज उपनपा बडा नं. ३ र ७ मा आवासिय विमा कार्यक्रमका तथा भूकम्पिय पूर्वतयारी जनचेतनाकालागि १० जना स्वयमसेवक परिचालन गरिएको | २०८१ जेष्ठ देखी असार सम्म | ९ जना २०० जनाको तथ्याक सकलन |
| १७ | विपद व्यवस्थापनमा निजीक्षेत्रको भुमिका बारे नेपालगञ्ज उद्योग बाणिज्य सघसंग अर्न्तरक्रिया | नेपालगंज उद्योग बाणिज्य संघको सवै पदाधिकारी, कार्यसमितिसंग विपद् व्यवस्थापनको भुमिका सम्वन्धि अर्न्तक्रिया कार्यक्रम सघको कार्यालय त्रिभुवन चौकमा गरिएको | २०८१ जेष्ठ ६ गते | ६५ जना |
| १८ | प्राथमिक उपचार तालीम | नेपालगंज बडा नं. ३ , ७ र ११ का स्वयमसेवकहरुलाई तालीम उपलव्ध गराइएको | २०८१ असार १५ देखि १८ सम्म | २४ जना |

| | | | | |
|---|---|---|---|---|
| १९ | जानकी गाँउपालिका र नेपालगंज उपनपा विच अन्तरपालिका समन्वय बैठक | जानकी गाँउपालिका र नेपालगंज उपनपा विच विपद् व्यवस्थापनकालागि अन्तरपालिका समन्वय नेपालगंजमा सम्पन्न गरिएको । | २०८१ असार २५ गते | ३० जना |
| २० | नेपालगजका शिक्षकहरुलाई ५ दिने मनोसामाजिक परामर्श तालीम | मावि विद्यालयका २० जनालाई ५ दिनसम्म मनोपरामर्श तालीम नेपालगंजमा दिइएको | २०८१जेष्ठ ८ देखी ११ सम्म | २० जना |
| २१ | नेपालगंजका पत्रकारहरुलाई विपद बारे पत्रकारिता तालीम | नेपालगंका पत्रकारहरुलाई विपद तथा पत्रकारिता सम्वन्धि २ दिने तालीम नेपालगंजमा उपलव्ध गराइएको | २०८० असार १३ र १४ गते | ३८ जना |
| २२ | नगर प्रहरीहरुकालागि भत्किएको संरचनाको खोज तथा उद्धार २ चरणमा ४ दिने तालीम | शसस्त्र प्रहरी वल ४२ नंको समन्व्यमा २० जना नगर प्रहरीलाई सम्शेरगजमा तालीम दिइएको | २०८० असार २४ देखी २५ र र २६ देखी २७ सम्म | २० जना |
| २३ | शुरक्षित विद्यालय योजनाबारे अभिमुखिकरण कार्यक्रम | नेपालगंज बडा नं. ३,७,८,११ का शिक्षक, अभिभावक, कर्मचारीलाई सुरक्षित विद्यालय योजनाका बारेमा अभिमुखीकरण | २०८० असार | ३५ जना |
| २४ | भूकम्पिय तथा आगलागी सम्वन्धि समुदायमा जनचेतना कार्यक्रम | नेपालगंज ८ र ११ मा घरदैलो कार्यक्रम मार्फत जनचेतना फैलाउने कार्य | २०८० असार १६ देखी १८ सम्म | २००जना |
| २५ | नेपालगंज बडा नं.३ र ७ मा खोज तथा उद्धार सामाग्री हस्तान्तरण कार्यक्रम | बडास्तरमा आवश्यक पर्ने सामाग्री हस्तान्तरण गरिएको | २०८० असार | |
| २६ | विपद् व्यवस्थापन तथा आगामी कार्ययोजना बारे बडा सचिवहरुसग छलफल कार्यक्रम | बडास्तरको कार्यक्रम तथा आगामी वर्ष विपद् व्यवस्थापनका गतिविधिबारेमा नेपालगंजमा छलफल गरिएको | २०८० असार १२ गते | २९ जना |
| २७ | विपद् व्यवस्थापन बारे ३ बटा नियमित समन्वय बैठक | विपद् व्यवस्थापनको प्रभावकारीता सम्वन्धि कार्यलयमा नियमित बैठक तथा छलफल गरिएको | २०८१ जेष्ठ ८, असार १६, १९ गते | ७५ जना |
| २८ | स्थानीय आपतकालिन कार्यसचालन केन्द्रमार्फत त्रिपाल र अन्य राहत वितरण | हावाहुरी, डुवान प्रभावितहरुलाई सिफारिसका आधारमा त्रिपाल वितरण कार्य | नियमित | १०० जना |

## ढ भवन अनुमति तथा मापदण्ड कार्यान्वयन शाखा

| सि.न | विवरण | आ.व.२०८०।८१ को कुलजम्मा |
|---|---|---|
| १ | प्लिन्थ लेभल ईजाजत | ४२३ |
| २ | सुपरस्टक्चर ईजाजत | ३८१ |

| | | |
|---|---|---|
| ३ | सम्पन्न प्रमाणपत्र | ४५१ |
| ४ | नक्शा प्रमाणित प्रमाणपत्र | ३०१ |
| ५ | जम्मा कुल दर्ता सङख्या | ९६३ |

**(१०) कार्यालय प्रमुख र सूचना अधिकारीको नाम र पदः**

कार्यालय प्रमुखको नाम : ओमबहादुर खड्का
पद : प्रमुख प्रशासकीय अधिकृत
इमेल ठेगाना : nepalgunjmun@gmail.com
सम्पर्क नम्बर : ९८५८०६६१११
सूचना अधिकारीको नाम : खिमानन्द अर्याल
पद : बरिष्ठ आ.ले.प.अधिकृत
सम्पर्क नम्बर : ९८५८०३२६९०
इमेल ठेगाना : io.npjmun@gmail.com

**(११) ऐन, नियम, विनियम, कार्यविधी वा निर्देशिकाको सूचीः**

नेपालगञ्ज उपमहानगरपालिकासँग सम्बद्ध संघीय र प्रदेश कानुन बाहेकका स्थानीय ऐन, नियमावली, विनियम, कार्यविधी, मापदण्ड, दिग्दर्शन र निर्देशिकाहरुको परिपालना गरिरहेको छ । उक्त स्थानीय कानुनहरु स्थानीय राजपत्रमा प्रकाशन गरी यस्ता कानुनी प्रबन्धहरुको विस्तृत सूची नेपालगञ्ज उपमहानगरपालिकाको वेबसाइट https://www.nepalgunjmun.gov.np/ मा राखिएको छ ।

**(१२) आम्दानी, खर्च तथा आर्थिक कारोबार सम्बन्धी अद्यावधिक विवरणः**

आ.व. २०८०।०८१ को असारमसान्तसम्मको आर्थिक कारोवारको विवरण यसप्रकार रहेको छ :

आ.व. : २०८०/८१ अवधी : २०८०/०४/०१-२०८१/०३/३१

| क्र.सं. | क्षेत्र/उप क्षेत्र | विनियोजन | खर्च | खर्च (%) | मौज्दात |
|---|---|---|---|---|---|
| १ | आर्थिक विकास | ७०,७५३,१३८.०० | ४५,३४२,८१५.४९ | ६४.०९ | २५,४१०,३२२.५१ |
| १ | कृषि | ३५,९०२,१३८.०० | २५,३५४,३६४.४९ | ७०.६२ | १०,५४७,७७३.५१ |
| २ | उद्योग | २०,३३०,०००.०० | ९,९५३,४००.०० | ४८.९६ | १०,३७६,६००.०० |
| ३ | पर्यटन | २,२५०,०००.०० | १,८३४,३७०.०० | ८१.५३ | ४१५,६३०.०० |
| ४ | सहकारी | १,९१०,०००.०० | १,२९८,५९५.०० | ६७.९८ | ६११,४०५.०० |
| ५ | वित्तीय क्षेत्र | १,८००,०००.०० | २१३,८६०.०० | ११.८८ | १,५८६,१४०.०० |
| ६ | जलश्रोत तथा सिंचाई | १,४६१,०००.०० | १,२९४,९६०.०० | ८८.६४ | १६६,०४०.०० |
| ७ | बन | ८५०,०००.०० | १२३,४५५.०० | १४.५२ | ७२६,५४५.०० |
| ८ | पशुपन्छी विकास | ६,२५०,०००.०० | ५,२६९,८११.०० | ८४.३२ | ९८०,१८९.०० |
| २ | सामाजिक विकास | ७४७,२९३,७१८.६२ | ६३२,६६८,३०७.९३ | ८४.६६ | ११४,६२५,४१०.६९ |
| १ | शिक्षा | ४९६,१६७,४२०.०५ | ४२८,५०६,६३६.९८ | ८६.३६ | ६७,६६०,७८३.०७ |
| २ | स्वास्थ्य | १३४,७७४,९७३.५० | १२०,७७३,४३५.६५ | ८९.६१ | १४,००१,५३७.८५ |
| ३ | खानेपानी तथा सरसफाई | ३८,२९५,४५४.५२ | २३,४१६,०३४.८४ | ६१.१५ | १४,८७९,४१९.६८ |
| ४ | भाषा तथा संस्कृति | १०,७३४,८००.०० | ८,२१६,१६६.०० | ७६.५४ | २,५१८,६३४.०० |
| ५ | लैंगिक समानता तथा सामाजिक समावेशीकरण | २०,१६०,०००.०० | १५,९१२,०३४.४८ | ७८.९३ | ४,२४७,९६५.५२ |
| ६ | युवा तथा खेलकुद | १६,५००,४८०.०० | १२,०५४,३१२.०० | ७३.०५ | ४,४४६,१६८.०० |
| ७ | सामाजिक सुरक्षा तथा संरक्षण | ३०,६६०,५९०.५५ | २३,७८९,६८७.९८ | ७७.५९ | ६,८७०,९०२.५७ |
| ३ | पूर्वाधार विकास | ५३४,४२३,८६४.४१ | ३६०,६७५,८५४.०८ | ६७.४८ | १७३,७४८,०१०.३३ |
| १ | यातयात पूर्वाधार | २७९,४६६,६०७.६५ | १९३,६०४,५३०.६१ | ६९.२८ | ८५,८६२,०७७.०४ |
| २ | भवन, आवास तथा सहरी विकास | १३९,७५६,११०.५२ | ७९,०३१,६४४.९५ | ५६.५५ | ६०,७२४,४६५.५७ |
| ३ | उर्जा | १५,४०२,०१९.०२ | ११,५८६,५५६.५१ | ७५.२३ | ३,८१५,४६२.५१ |
| ४ | संचार तथा सूचना प्रबिधि | ५,४६०,०००.०० | १,९६८,७५३.०० | ३६.०६ | ३,४९१,२४७.०० |
| ५ | सम्पदा पूर्वाधार | ९३,३८९,१२७.२२ | ७३,६०४,१५६.०१ | ७८.८१ | १९,७८४,९७१.२१ |
| ६ | बिज्ञान तथा प्रबिधि | - | - | - | - |
| ७ | पुननिर्माण | ९५०,०००.०० | ८८०,२१३.०० | ९२.६५ | ६९,७८७.०० |
| ४ | सुशासन तथा अन्तरसम्बन्धित क्षेत्र | ८,७४६,००१.०० | ५,६०१,७७५.५१ | ६४.०५ | ३,१४४,२२५.४९ |
| १ | वातावरण तथा जलवायु | १५०,०००.०० | १४९,९६६.०० | ९९.९८ | ३४.०० |
| २ | विपद व्यवस्थापन | १३५,०००.०० | १५,०००.०० | ११.११ | १२०,०००.०० |
| ३ | मानब संशाधन विकास | १,७००,००१.०० | १४६,२७९.०० | ८.६० | १,५५३,७२२.०० |
| ४ | कानुन तथा न्याय | १,०२०,०००.०० | ४५३,७४२.०० | ४४.४८ | ५६६,२५८.०० |
| ५ | शासन प्रणाली | ९०,०००.०० | ८०,०००.०० | ८८.८९ | १०,०००.०० |
| ६ | तथ्यांक प्रणाली | १,०७१,०००.०० | ९५५,६९४.०० | ८९.२३ | ११५,३०६.०० |
| ७ | गरिबी निवारण | ४००,०००.०० | ३९७,०५१.०० | ९९.२६ | २,९४९.०० |
| ८ | श्रम तथा रोजगारी | २००,०००.०० | २००,०००.०० | १००.०० | - |
| ९ | योजना तर्जुमा र कार्यन्वयन | ८०,०००.०० | ७९,४९८.०० | ९९.३७ | ५०२.०० |
| १० | अनुगमन तथा मूल्यांकन | ६४०,०००.०० | ४९९,८८९.०० | ७८.११ | १४०,१११.०० |
| ११ | प्रशासकीय सुशासन | ३,२६०,०००.०० | २,६२४,६५६.५१ | ८०.५१ | ६३५,३४३.४९ |
| ५ | कार्यालय सञ्चालन तथा प्रशासनिक | ४९३,४७३,९४३.३९ | ४२५,०४९,६८४.५९ | ८६.१३ | ६८,४२४,२५८.८० |
| १ | कार्यालय सञ्चालन तथा प्रशासनिक | ४९३,४७३,९४३.३९ | ४२५,०४९,६८४.५९ | ८६.१३ | ६८,४२४,२५८.८० |
| | कुल जम्मा | १,८५४,६९०,६६५.४२ | १,४६९,३३८,४३७.६० | ७९.२२ | ३८५,३५२,२२७.८२ |

**(१३) तोकिए बमोजिमको अन्य विवरणः**

नियमानुसार तोकिए बमोजिमको अन्य विवरण समेत नेपालगञ्ज उपमहानगरपालिकाको

वेबसाइट https://www.nepalgunjmun.gov.np/ मा राखिएको छ । त्यसैगरी मोवाईल एप, फेसवुक पेज लगायतको व्यवस्था समेत गरिएकोछ ।